# संघीय संसद
# प्रतिनिधि सभा

**एघारौं अधिवेशन**
**बैठक संख्या - १**

## दैनिक कार्यसूची

२०७९ जेठ ३ गते

**मंगलबार**

दिनको ४:०० बजे

### राष्ट्रपतिको पत्र

१. सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### अध्यक्षता गर्ने सदस्यको मनोनयन

३. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गर्नुहुने ।

### अध्यादेश पेश

४. मा० गृह मन्त्री श्री बालकृष्ण खांणले :-
   (क) "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८" पेश गर्नुहुने ।
   (ख) "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८" पेश गर्नुहुने ।
   (ग) "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८" पेश गर्नुहुने ।

५. मा० स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरोध खतिवडाले :-
   (क) "औषधी (तेस्रो संशोधन) अध्यादेश, २०७९" पेश गर्नुहुने ।
   (ख) "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९" पेश गर्नुहुने ।

६. मा० भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले "रेल्वे अध्यादेश, २०७८" पेश गर्नुहुने ।

७. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले :-
   (क) "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" पेश गर्नुहुने ।
   (ख) "यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८" पेश गर्नुहुने ।

### नियम निलम्बन

८. मा० श्री पुष्पा भुसाल (गौतम) ले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४२ को उपनियम (४) लाई निलम्बन गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

उक्त प्रस्तावको मा० श्री देवप्रसाद गुरुङ र मा० श्री जीवनराम श्रेष्ठले समर्थन गर्नुहुने ।

### विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल

९. मा० अर्थमन्त्री श्री जनार्दन शर्माले "आ.व. २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### शोक प्रस्ताव

१०. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ र २०५१ सालको संसदीय निर्वाचनमा कपिलवस्तु जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सदस्य एवं हरेक लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय एवं नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका विष्णुराज आचार्यको ७४ वर्षको उमेरमा मिति २०७९ साल वैशाख १० गते शनिबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम
संघीय संसदको महासचिव